स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नायिका रेखा थापा ५ वर्षपछि फिल्म निर्माण र अभिनयमा फर्किएकी छन् । उनको निर्माणसँगै मुख्य भूमिका रहेको फिल्म 'उपहार'को यतिखेर अन्तिम चरणमा छायांकन भैरहेको छ । र, यसै वर्ष रेखा आमा बन्ने तयारीमा समेत छिन् । यो फिल्मलाई लिएर उनी आत्मविश्वासी र उत्साहित देखिन्छिन् । आफूले पहिला बनाएका फिल्मभन्दा यो सबैभन्दा राम्रो रहेको उनको दाबी छ । 'उपहार'लाई आगामी माघ २६ गते प्रदर्शन गर्ने तयारी भैरहेको छ ।

आजको विचार...



जगन्नाथ पन्त

विश्वासको...
(दुई पेजमा)



फिल्म 'प्रसाद २'को विवादमा निर्देशक सुदर्शन थापाविरुद्ध पक्राउ पुर्जी जारी भइसकेको छ । अहिले उनलाई प्रहरीले पक्राउ गर्न खोजी गरिरहेको छ । निर्माता सुदर्शन बस्नेत र ज्याक श्रेष्ठले आफूहरुको अनुमति बिना नै 'प्रसाद २'लाई देश तथा विदेशमा प्रदर्शन गरेर एक करोड ५० लाख रुपैयाँ ठगी गरेको भन्दै जाहेरी दिएका थिए । त्यही आधारमा उनीविरुद्ध पक्राउ पुर्जी जारी भएको हो । यसैक्रममा, नेपाल चलचित्र निर्देशक समाजले बिना कारण र बिना प्रमाण निर्देशक थापाविरुद्ध पक्राउ पुर्जी जारी भएकोमा आपत्ति जनाएको छ ।

❑ वर्ष २९ ❑ अंक ८८ ❑ २०८० असोज २६ गते शुक्रबार 13 October 2023, Friday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### भारतमा रेल दुर्घटना चारको मृत्यु



(रासस/सिन्हवा)

**नयाँदिल्ली,** असोज २५/भारतको पूर्वी राज्य बिहारमा यात्रुवाहक रेल दुर्घटना हुँदा कम्तीमा चार जनाको मृत्यु हनुका साथै कयाँ घाइते भएको अधिकारीहरूले बिहीबार बताएका छन् । बिहारको राजधानी पटनादेखि ९६ किलोमिटर पश्चिममा रहेको बक्सर जिल्लाको रघुनाथ रेल्वे स्टेशनमा बुधबार राति दुर्घटना भएको हो । स्थानीय सञ्चार माध्यामहरूले अधिकारीहरुलाई उद्धृत गर्दै दिल्लीबाट आसामको गुवाहाटी जाँदै गरेको उक्त रेल दुर्घटनामा ८० जनाभन्दा बढी घाइते भएको बताएका छन् । दुर्घटनाको कारण भने अझै पनि थाहा हुन नसकेको अधिकारीहरूले बताएका छन् । रेल दुर्घटनाले भएको अपूरणीय क्षतिप्रति समवेदना प्रकट गर्दै संघीय रेलमन्त्री अश्विनी वैष्णवले दुर्घटनाको कारण पत्ता लगाइने बताईन् । उनका अनुसार दुर्घटनाको भारतीय अनुसन्धान एजेन्सी कन्द्रीय अनसुन्धान ब्युरोले जाँच समेत गरिहेको छ । यसै वर्षको जुनमा भारतको उडिसामा इतिहासकै ठूलो रेल दुर्घटना हुँदा दुई सय ९५ यात्रुको मृत्यु भएको थियो ।

# मापदण्ड विपरीत चाइनिज कम्पनीको क्रसर प्लान्ट

## आफुहरुलाई थाहा नदिई सञ्चालन गर्न लागेकोमा स्थानीयको आपत्ति

रामचन्द्र रायमाझी

**पाल्पा,** असोज २५/सिद्धार्थ राजमार्गअन्तर्गत पर्ने बुटवल-पाल्पा सडक खण्डको सिद्धबाबामा सुरूङमार्ग निर्माणको ठेक्का पाएको चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले पाल्पाको तिनाउ गाउँपालिका-३ दोभानस्थित ढापमा क्रसर प्लान्ट सञ्चालनमा ल्याउन लागेको छ । कम्पनीले मापदण्ड विपरीत क्रसर र रेडिमिक्स प्लान्ट सञ्चालनमा ल्याउन लागेको हो ।

प्लान्ट सञ्चालनका लागि आवश्यक न्यूनतम मापदण्ड समेत पालना नगरी कम्पनीले प्लान्ट सञ्चालन गर्न लागेका छ । उसले प्लान्ट सञ्चालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (आइईई), वातावरणीय प्रभाव मूल्यांकन (इआइए) गरेको छैन भने दुरी सम्बन्धी मापदण्डको समेत पालना नगरेको स्थानीयको आरोप छ । तिनाउ नदीको ५० मिटरको दुरीमा स्थानीय वन, पक्की पुलमा छेउमा क्रसर प्लान्ट स्थापना गर्दा समेत गाउँपालिकालाई समेत जानकारी नगराइएको पालिकाले जनाएको छ । सिद्धार्थ राजमार्गदेखि ५० मिटर, तिनाउ खोला र पक्की पुलदेखि एक सय मिटरको दुरीमा प्लान्ट रहेको छ । प्लान्ट नजिकै २० मिटरको दुरीमा बस्ती छ भने २ सय मिटरको दुरीमा पालिकाको केन्द्र रहेको छ । संघीय र प्रदेश सरकारको



नियमअनुसार प्लान्ट सञ्चालनका लागि राजमार्ग, खोला वा नदि किनार र पक्की पुलबाट ५०० मिटरको दुरीको मापदण्ड हुनुपर्दछ । कुनै पनि उद्योग सञ्चालन गर्दा प्रभावित क्षेत्रका नागरिकहरुसँग राय, सुझाव र छलफल गर्नु पर्ने भएपनि उसले त्यो पनि गरेको छैन । कम्पनीले स्थानीय र सधिंयारसँग समेत कुनै पनि छलफल नगरेको स्थानीयको आरोप छ । उद्योगले एक्लौटी रुपमा हेभी रेडिमिक्स प्लान्ट र ठूलो मेसिनसहितको क्रसर प्लान्ट सञ्चालन गर्न लागेपछि स्थानीयले आपत्ति जनाएका छन् । उनीहरुले आफुहरुसँग सामान्य पनि छलफल नगरी दादागिरी शैलीमा उद्योग सञ्चालन गर्न लागेको स्थानीय विष्णुप्रसाद पाण्डेले बताए । उनले भने 'उद्योगले सामान्य मापदण्ड पनि परिपालना गरेको छैन, उसले न आइईई गरेको छ नत दुरीको मापदण्ड नै । स्थानीयसँग समेत उसले छलफल र परामर्श पनि गरेको छैन ।' मनपरी उद्योग सञ्चालनले वस्तीलाई ठूलो असर पुर्‍याउने पाण्डेले बताए । उनले भने 'मानवले स्वच्छ वातावरणमा बाँच्न पाउने हकको समेत बेवास्ता गरी जवरजस्ती रुपमा प्लान्ट सञ्चालन गर्न लागेकाले त्यसलाई कुनै पनि हालतमा हामीले सञ्चालन गर्न दिदैनौं ।' अवैध उद्योगका कारण आफुहरु पलायन नै हुने अवस्था सिर्जना हुन सक्ने भन्दै स्थानीयले गत भदौ २२ गते क्रसर उद्योग निमार्ण कार्य रोक्नका लागि तिनाउ गाउँपालिका र उद्योग कम्पनीलाई पत्र समेत पठाएका थिए । उद्योगले भने उनीहरुको आग्रहलाई वेवास्ता गर्दै प्लान्ट सञ्चालनको तयारी अगाडि बढाएको छ । गाउँपालिकाले पटक-पटक कागज पत्र जुटाउन आग्रह गरे पनि कम्पनीले त्यसको वेवास्ता गरेको पालिका अध्यक्ष प्रेम श्रेष्ठले बताए । उनले भने 'स्थानीयहरुबाट निवेदन आईसकेपछि कम्पनीलाई प्रमाणहरु जुटाउन आग्रह गरे पनि भौतिक पूर्वधार मन्त्रालयको स्वीकृत पत्र बाहेक अन्य प्रमाण जुटाउन सकेको छैन ।' प्लान्ट विषयमा कार्यपालिका, सर्वदलिय बैंठक बसेको अध्यक्ष श्रेष्ठले बताए । उनले भने 'उद्योगले आफुहरुले ९५ प्रतिशत पूर्वाधारको काम सकेकाले केही समय हामीलाई काम गर्न दिन र त्यसबाट कुनै हानी नोक्सानी भए बल्ल प्रक्रिया अगाडि बढाउन भने पछि सर्वदलीय बैंठकबाट एक छिन उनीहरुको काम हेर्ने गरी सहमति भएको छ ।' उनीहरुको कामले कुनै पनि हानी नोक्सानी भएमा त्यसलाई तत्कालै रोकिने उनले बताए । सिद्धबाबा सुरुङमार्ग योजना कार्यालयकी इन्जिनियर सविता ज्ञवालीले भने आफुहरुले आइईई स्वीकृत गरेरै काम अगाडि बढाएको दावी गरिन् । उनले राष्ट्रिय गौरवको आयोजना अन्तर्गत रहेको सुरुङमार्ग कै क्रसर प्लान्ट भएकाले व्यवसायिक क्रसर उद्योगले जस्तो आइईई र मापदण्डको पालना गर्न नपर्ने सम्झौतामै रहेको भन्दै कम्पनीको बचाउ गरिन् । परियोजना सुरु हुनु भन्दा अघि नै आइईई गरी मन्त्रालयबाट स्वीकृत गराईएको भने पनि स्थानीय सरकारलाई उपलब्ध गराईएको कागजमा भने कतै पनि आइईई उल्लेख नगरिएको पालिकाका अध्यक्ष प्रेम श्रेष्ठले बताए । इन्जिनियर ज्ञवालीले स्थानीयहरुबाट केही गुनासो आएकाले त्यसमा समाधान गर्ने गरी परियोजना अगाडि बढेको बताईन् । उनले भनिन् 'स्थानीयहरुले ध्वनी, वातावरण प्रदुषण हुँदा आफुहरु समस्यामा पर्ने बताउँदै आएकाले त्यसको समाधानका लागि निर्माण व्यवसायीलाई आइईईमा भएर अनुसार काम गर्न निर्देशन गरेका छौं ।' १५ दिन परीक्षणको रुपमा काम गर्ने गरी अहिले सहमति भएको उनले बताए पनि स्थानीयले भने आफुहरुसँग कुनै पनि सहमति नभएको बताउँदै आएका छन् । कम्पनीले सुरुङमार्गबाट निस्कने म्याटरहरुको उपयोगका लागि यहाँ क्रसर प्लान्ट निर्माण गर्न लागेको हो । यहाँको म्याटर यही नै उपयोग गर्नका लागि प्लान्टर सञ्चालन गर्न लागेको परियोजनाकी इन्जिनियर ज्ञवालीले बताइन् । बुटवल-नारायणघाट सडक आयोजनाको ठेकेदारसमेत रहेको चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले तिनाउ खोलाबाट उत्खनन गरिएको ढुङ्गा तथा अन्य सामग्री बुटवलको सडक निर्माण स्थलमा निकासी गर्ने गरेको समेत स्थानीयले आरोप लगाएका छन् । कम्पनीले सुरुङमार्ग निर्माणको भौतिक काम अहिले रोकिएको अवस्थामा क्रसर प्लान्ट खोली नदीजन्य पदार्थ उत्खनन गरी अवैध रूपमा बुटवल पठाउने गरेको स्थानीयको भनाई छ । सुरूङमार्ग निर्माणको काम अहिले भौतिक रूपमा रोकिएको छ । सुरुङमार्ग निर्माणको क्रममा असारको पहिलो साता सुरुङमार्गका दुईवटा टनेल पहिरोमा परेपछि भौतिक निर्माणको काम स्थगित गरेर अन्य काम भइरहेको हो ।

## हेलो सरकारमा गुनासो गरौं, समस्याको समाधान खोजौं ।

**सार्वजनिक स्थल वा निकायमा :**

- कुनै भेदभाव भएमा,
- सेवा प्राप्तिमा बञ्चित वा अवरोध भएमा,
- सार्वजनिक कार्यबाट नोक्सानी वा कुनै पीरमर्का भएमा हेल्लो सरकारमा सम्पर्क गरौं ।

*हेलो सरकारको नि:शुल्क टेलिफोन नम्बर ११११ तथा सामाजिक सञ्जालमार्फत गुनासो गरी समस्याको समाधान खोजौं ।*

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# सेन्ट कपितानियो स्कुलमा दसैँको टिका लगाएर शुभकामना आदान-प्रदान

कृष्ण पोखरेल

**पाल्पा,** असोज २५/नजिकिँदो दसैँका अवसरमा जतातते शुभकामना आदान-प्रदान कार्यक्रम सञ्चालन भइरहेका बेला पाल्पाको सेन्ट कपितानियो स्कुलले भने निधारमा टिका, कानमा जमरा लगाएर दसैँको एक आपसमा शुभकामना आदान-प्रदान गरेको छ । नेपालीहरुको महान चाड बडा दसैं नजिकै जादाँ स्कुलले शिक्षक, कर्मचारीहरुबिच टिका जमरा लगाएर शुभकामना आदान-प्रदान गरेको हो ।

यही असोज २७ गतेदेखि दसैं, तिहारको अवसरमा विद्यालय विदा हुने भएपछि विद्यालयका प्रिन्सिपल ऐनिस जोसेफले सबै शिक्षक, कर्मचारीहरुलाई दसैँको टिका र जमरा लगाई दिएकी हुन् । प्रिन्सिपल जोसेफले दसैँको टिका र जमरा लगाई दिएपछि सबैलाई मिठो भोजन समेत गराएकी छन् । शिक्षक कर्मचारीहरुलाई दसैँको टिका जमरा लगाई दिदै प्रिन्सिपल जोसेफले दसैं सबै



नेपालीहरुको महान चाड भएकाले एक आपसमा मिलेर मनाउनु पर्नेमा जोड दिइन् । प्रिन्सिपल जोसेफले जाति, धर्म, लिङ्ग, पेशाबाट माथि उठेर यस्ता चाड पर्व मनाउनुपर्नेमा जोड दिइन् । सबै खालका संस्कार संस्कृति र पर्वले एक अर्का बिचको एकता कायम हुने र सम्बन्ध प्रगाढ बनाउने प्रिन्सिपल जोसेफले विश्वास गरिन् । विद्यार्थी तथा बालबालिकाहरुलाई विद्यालयबाटै दशै पर्वको महशुस गराउँदा, उनीहरुमा खुसीयाली बढ्ने, जोस जागर भरिने, एक आपसमा रमाउने गरेको उनले बताइन् । प्रिन्सिपल जोसेफ भनिन् 'विद्यालयमा शिक्षक, कर्मचारी, विद्यार्थीहरुबिच नेपालमा मनाईने सबै धर्म, जातजातीका चाडपर्व एक आपस मिलेर मनाउने, एउटा धर्मको पर्व अर्कोलाई जानकारी गराउने उद्देश्यले विद्यालयमा सबै पर्व मनाउँदै आएका छौं ।' सो कार्यक्रममा शिक्षक तुल्सीराम पोखरेलले नेपालमा मनाइने सबै खालका चाड पर्वले सबैमा खुसीयाली ल्याउने, एकआपसमा सुमधुर सम्बन्ध बनाउने भए पनि दसैं, तिहार, छठ तथा नेपाल सम्वत जस्ता पर्व नेपालीहरुको लागि विशेष पर्व रहेको बताए । नेपाल मनाइने हरेक चाडपर्वका फरक फरक विधा र रिती रिवाजहरु रहेको पाइन्छ । विद्यालयले प्रत्येक वर्ष दसैं, तिहारको विदा हुने दिन सबै विद्यार्थीहरुलाई दसैँको टिका र जमरा लगाएर विदा दिंदै आएको छ । विद्यालयमा कक्षागत शिक्षकले सबै विद्यार्थीलाई टिका जमरा लगाएर विदाई गर्ने कार्यक्रम विद्यालय सञ्चालन समयदेखि नै चल्दै आएको शिक्षक तुल्सीराम पोखरेलले बताए । कार्यक्रममा सहायक प्रिन्सिफल सिष्टर लिलियन लगायत सबै शिक्षक, कर्मचारीहरुको सहभागिता रहेको थियो । शुभकामना आदान-प्रदान कार्यक्रम शिक्षक कृष्ण खत्रीको सञ्चालनमा भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## प्राकृतिक प्रकोप नियन्त्रण दिवसको सार्थकता

**प्राकृतिक प्रकोप बाजा बजाएर आउँदैन र कुनै स्थान र क्षेत्र तोकेर आउँदैन । नेपालमा वर्षायाममा प्राकृतिक प्रकोपले सताउने गर्दछ । प्राकृतिक प्रकोपका कारण बर्सेनि मानिसहरुले विभिन्न किसिमका मानवीय क्षति, भौतिक क्षति व्यहोर्दै आउनु परेको कुरा सर्वविदितै छ । प्राकृतिक प्रकोप भनेको मानिसको पहुँचभन्दा बाहिरको कुरा हो । मानिसले चाहेर र नचाहेर अर्थात् उसले यससँग सम्झौता गर्न र आफ्नो पहुँचमा राख्न सक्दैन । बाढी, पहिरो, आगालागी जस्ता प्राकृतिक प्रकोप आम जनसमुदायका लागि चुनौतीका रुपमा देखापरेको छ । यस्ता क्रियाकलाप नियन्त्रण गर्न सबै एकताबद्ध हुन आवश्यक छ । प्राकृतिक नियन्त्रण गर्ने उद्देश्यले हरेक वर्ष विश्व समुदायले अक्टोबर महिनाको १३ तारिखमा विश्व प्राकृतिक प्रकोप नियन्त्रण दिवस मनाउने गर्दछ । नेपालमा पनि विभिन्न सचेतनामूलक कार्यक्रम गरी आज यो दिवस मनाईदैछ । विभिन्न सचेतनामूलक र प्रकोप नियन्त्रणका लागि चाल्नुपर्ने कदमका बारेमा आम सर्वसाधारणलाई सचेतना गराउनु दिवसको उद्देश्य हो । तर यसले सार्थक रुप प्राप्त गर्न भने सकेको छैन । अझै पनि मानविय त्रुटिका कारण प्राकृतिक प्रकोपका घटना हुने गरेका छन् ।**

**अब यस्ता प्रकोपबाट बच्न प्राकृतिक प्रकोपको व्यवस्थापन गर्न जरुरी छ । नेपालमा भौगोलिक बनावट, अव्यवस्थित बसोबास, प्राकृतिक स्रोत र साधनमाथिको बलात्कार, दोहन, योजना बिनाका विकास निर्माणका कार्यको थालनी, बिनासर्वेक्षण र बिनादूरदृष्टि निर्माण गरिएका ग्रामीण सडकहरु जसमा प्राकृतिक स्रोत र साधनको न्यूनीकरणभन्दा पनि राजनीतिक स्वार्थ जोडिएको हुन्छ । जसका कारण प्राकृतिक विपत्ती भोग्नु परेको छ । जुन अत्यन्त विडम्वनाको कुरा हो । प्राकृतिक प्रकोपहरु निर्मूल गर्न त नसकिएला तर यसको न्यूनीकरण गर्न अवश्य नै सकिन्छ । यसका लागि प्राकृतिक स्रोतसाधनहरु जल, जमिन र जंगलको अस्वाभाविक दोहन तत्कालै रोकिनुपर्छ । मानवीय बसोबासलाई व्यवस्थित र योजनागत हिसाबबाट मानव बस्तीको सुरुवात गर्नुपर्दछ । विकासका नाममा गरिएका ग्रामीण सडकहरु विस्तार गर्ने कार्यलाई योजनाबद्ध ढंगबाट प्राकृतिक स्रोत र साधनको कमभन्दा कम दोहन हुनेगरी अगाडि बनाउन सकियो भने मात्र पनि केही हदसम्म प्राकृतिक प्रकोपबाट हुन सक्ने क्षतिबाट बच्न सकिन्छ । यसर्थ यसतर्फ ध्यान दिन सकियो भने मात्र हरेक वर्ष मनाइने विश्व प्राकृतिक प्रकोप नियन्त्रण दिवसले सार्थकता प्राप्त गर्न सक्दछ । अन्यता दिवस औपचारिकतामै सिमित बन्न पुग्दछ ।**

### Opinion @ Social Network

गुलाबको फूल भन्दा पनि तुल्सीको बोट
झैं बनाउनु छ जिन्दगी जसलाई रोज्न होइन खोज्न परोस् ।
*(निर्मला रानाको फेसबुक स्टाटस https://www.facebook.com/Nirmala.Rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विश्वासको मत



## जगन्नाथ पन्त

***प्रकृतिले दिने प्रतिकूल नतिजा मानिसले स्वभाविक रुपमा सहन्छ । मानिस राक्षस बनेर मानिसलाई नै गर्ने विनास असह्यै हुन्छ । तर पनि सहनुको उपाय नहुँदो रहेछ । पुराणादी कथाका राक्षसहरु हमास, बोकोहराम जस्ता आतङ्वादी बनेर आउँदा रहेछन् । जसले जिउने विश्वास र भरोसालाई आघात गरी रहेका छन् । नेपालमा जन्मे हुर्केर प्रदेशमा मारिदाको पिडा परिवार जनमा मात्र होइन देशलाई नै सहन गाह्रो छ । ति राक्षसलाई यहाँबाट दण्डित गर्न सक्दैनौ भन्ने जान्दा जान्दै पनि कहिले इराक कहिले इजरायल पुगेर मारिदा पनि किन हामीलाई आफ्नै देशमा गुजारा गर्न नसक्ने बनाइरहिएको छ ? नेपाल र नेपाली प्रति नेपालको वागडोरमा रहनेहरुले किन नेपाली हौं भन्ने भरोषा दिन सक्दैनौ ? वक्तव्य निकालेर यसो गर, उ सो गर भनेको भरमा जिम्मेवारी पुरा भएको होला र ? अब नेपाली नेपालमै पालिन सक्ने गराऔं भनेर रोजगारी सिर्जना, आत्मनिर्भर बनाउन हल्ला हैन सल्लाह गरेर एकवद्ध हुनु पर्ने होइन र ? सरकारले विश्वासको मत लिन जति प्रयत्न हुन्छ, त्यति जुक्ति र युक्ति जनतालाई तिमी यो देशका नागरिक हौं भनेर विश्वास र भरोसा स्थापित गर्न प्रयत्न गर्ने कहिले हो ? फलानो पार्टीको, फलानो गुटको नबन्नु न, बनिसके पछि देश र जनताको बन्नुस न । नेपालमै रहे पो नेपाली नत्र त परदेशी हो ।***

कसैबाट पाएको आश्वासन पुरा हुने आशा गर्नु भरोसाा हो । कसैप्रति कुनै विषयमा भर पर्नु भरोसा हो । विश्वास र भरोसा जीउने आाधार हो । भरोसा पुरा नहुँदा आश्वासन दिनेप्रति वितृष्णा जाग्रित पनि हुन सक्छ । त्यसैले अरुसँग भर पर्नु जाति मानिदैन, तर भर नपरी जगतमा जीवन चल्दैन । केहि पाउन कसैले भरोसा दिएर पुरा नगर्नु धोका हो । जस्तै कि मलाई भोट दिनु, म यो यो गरिदिन्छु भनेर आश्वस्त पारेर चुनाव जितेपछि बाल मतलब गर्नु धोका हो । अझ तपाईको काम गरिदिन्छु भनेर अवाञ्छित लाभ लिएर धोका दिनु त ठगि नै हो । वैदेशिक रोजगारी, नोकरी लगाई दिन्छु भनेर ठगि गर्नेको विगविगी भए जस्तै । पुरा गर्न नसकिने भरोसा दिनेले आफैलाई पनि धोका दिएको हुन्छ । त्यसैले त गालि, अपमान, आलोचना खानु परेको हुन्छ । आस त गर्नु तर भर नपर्नु त्यसै भनिएको होईन । ढाट्नेको भोजको निम्तो नखाइ पत्याइदैन ।

विश्वास आफैमा आस्था पनि हो । आफुले आफैलाई विश्वस्त नपारी कार्य गर्दा सफलता पाईदैन । हामी आफ्नो काम अरुले गरी देलान भनेर पत्याउँदा असफल हुन्छौ । हुन त सबै काम एक्लैले गर्न सम्भव छैन । दृढ निश्चय भएर गरिने कामको नतिजा पनि परिवेश र परिस्थितिमा निर्भर हुन्छ । मेहनत गरेर फसल लगायो जलवृष्टी भएन, प्रकोप आई लाग्यो, हुरी, असिनाले फूल र फल सखाप पारी दिन्छ, स्याहार्न ठिक्क पर्‍यो भिषण वर्षा र असिनाले नास गरी दिन्छ, जंगली जनावरले नोक्सान गरिदिन्छ । प्रकृतिले दिने प्रतिकूल नतिजा मानिसले स्वभाविक रुपमा सहन्छ । मानिस राक्षस बनेर मानिसलाई नै गर्ने विनास असह्यै हुन्छ । तर पनि सहनुको उपाय नहुँदो रहेछ । पुराणादी कथाका राक्षसहरु हमास, बोकोहराम जस्ता आतङ्वादी बनेर आउँदा रहेछन् । जसले जिउने विश्वास र भरोसालाई आघात गरी रहेका छन् । नेपालमा जन्मे हुर्केर प्रदेशमा मारिदाको पिडा परिवार जनमा मात्र होइन देशलाई नै सहन गाह्रो छ । ति राक्षसलाई यहाँबाट दण्डित गर्न सक्दैनौ भन्ने जान्दा जान्दै पनि कहिले इराक कहिले इजरायल पुगेर मारिदा पनि किन हामीलाई आफ्नै देशमा गुजारा गर्न नसक्ने बनाइरहिएको छ ? नेपाल र नेपाली प्रति नेपालको वागडोरमा रहनेहरुले किन नेपाली हौं भन्ने भरोषा दिन सक्दैनौ ?

वक्तव्य निकालेर यसो गर, उ सो गर भनेको भरमा जिम्मेवारी पुरा भएको होला र ? अब नेपाली नेपालमै पालिन सक्ने गराऔं भनेर रोजगारी सिर्जना, आत्मनिर्भर बनाउन हल्ला हैन सल्लाह गरेर एकवद्ध हुनु पर्ने होइन र ? सरकारले विश्वासको मत लिन जति प्रयत्न हुन्छ, त्यति जुक्ति र युक्ति जनतालाई तिमी यो देशका नागरिक हौं भनेर विश्वास र भरोसा स्थापित गर्न प्रयत्न गर्ने कहिले हो ? फलानो पार्टीको, फलानो गुटको नबन्नु न, बनिसके पछि देश र जनताको बन्नुस न । नेपालमै रहे पो नेपाली नत्र त परदेशी हो । स्वदेशमा बस्न पाए पो नागरिक । जनतालई नागरिक बनाउन त हो चाहिएका राजनीतिक दल, राज्य सञ्चालनका संयन्त्र ।

बहुघरबार, धेरै सन्तान धान्न सकिदैन भनेर कानून र व्यवहार परिमार्जन भए तर मँहगो ढाँचाको राज्य संयन्त्र धान्न नसकिदो रहेछ भनेर चेत खुल्ने कहिले ? फजुल खर्चले संमृद्धि आउँदैन । परिवर्तनले अग्रगामी नतिजा दिन सकेन भने त्यो त बेइमानी हुन जान्छ । जोगी बन्न राजनीति गरेको होइन् नभन न । देश र जनताको हितका लागि उपलब्ध स्रोत र साधनको समुचित बाँडफाँड गर्न पाउने अख्तियारी राजनीति हो । दल खडा गरेर नेता मात्र बन्नु राजनीति कदापि होइन । राज्यको स्रोतबाट तलव भत्ता खाने पदमा पुग्दैमा राष्ट्र सेवक बनिदैन तर जे जस्तो भएनि मानेकै छन् त । लुच्चो, छुल्याह, फटाहा, गुण्डा जस्तो नबन्नु सोच, विचार, व्यवहार योगिको जस्तो होस् भन्ने आशा पो गरेको हो । त्यो भरोसा पुरा गर्नु भनेर पो मानेको हो नि । फूलमाला, अबिर लगाई दिएर, बधाई दिएर, स्वागत गरेर, विदाई गरेर, शुभकामना दिएर, नमस्कार गरेर मान दिएको दैनिक विश्वासको मत हो नि । खै कुरा बुझेको । यथोतित सुविधा नलिनु त कसले भनेको छ र । खुट्टामा जुत्ता, झरिमा छाता, बैंकाम खाता , परिवारमा नाता, तनमा कपडा, खानामा गुलियो, पिरो, अमिलो नखाऊ त भनेका छैनन् । पिर पर्दा नरुनु, विवि, टिभी, पति, वेटा, बेटी नराख, विस्तारामा नसुत, शुद्ध पानी नपिऊ त भनेका छैनन् नि । गेरु बस्त्र लागाउने ढोगी वावाजी नवन, तिमीले भोगे जस्तै सुविधा जनतालाई पनि दिऊ ।

आरक्षणका नाममा नातावाद, परिवारवाद, कृपावाद नगर, सन्तान तिम्रो रवाफले नविग्रिउन , नसके सकिन भन वेइमान नवन, त्याग गर्न सिक, गर्न सक्ने छानेर पालो दिऊ, बिरोध गर्नेको तेजोबध नगर, सुशासन गर्न नसके पनि कुशासन नगर । यत्ति त आशा गरेका छन् नि । दश नङ्ग्रा खियाएर देशमा बस्न सकिन्छ, जिउन सकिन्छ भन्ने भरोसा सिर्जना र स्थापित गर्नु पर्यो पो भनेको हो नि । खोइ त सुनेको । जनता र देश विदेशी सामु हेपिन नपरे पो सान र मान पाच्य होला नि । माग्नेलाई घीऊ र भात त कहाँ मिल्छ र ? जवानी छ, सुन्दरता छ तर अति विपन्न, अशिक्षित छ र सीप छैन भने जीउ बेचेर ज्यान त जसोतसो पालिएला । तर त्यस्तो जीवन, जीएको ठहर्दैन । रहरले मात्र कहाँ होला र विदेशिएको । नामर्दको जोई हुनु भन्दा मर्दको नोकरानी हुनु बेस भनेर पो हो कि विदेशिएको । विदेशमा बस्नेहरुले राजनीति, प्रशासन र विकासका विषयमा लेख्ने गरेका कमेण्टले लौन छिटो-छिटो गरेर नेशन विल्डिङ् गर, हामीलाई छिटो फर्काऊ, हामी जस्तै अरुलाई थप विदेशिन बाध्य नपार । गैह्र आवासीयबाट मुक्ति पाऊ । त्याहाँबाट हेर्दा के के न होला, यहाँ त हामी अस्तित्व विहीन छौ । त्यसैले त त्यहाँ वस्ने तिमीले भन्दा यहाँ बस्ने मैले देशको माया गरेको देखाउन परेको छ, गाली गरेझै गरे पनि तिमीलाई जगाउन र अव त गर्छौ कि भन्ने भरोषा बांकी भएर हो नभए किन रविलाई पठाउथेउ र । एउटा रवि पठाउँदा तिमीलाई गाह्रो परेको छ, थप भानु, शशी, उषा, चादनी, तारा आयौ भने के होला, बेलैमा चेत । राजधानीको लौरोले तिमीलाई चोर भन्दा त्यतै बसेकाले ताली बजाए छन् । यो सबै तिमीलाई खबरदारी हो भन्ने कहिले बुझ्छौ, कहिले सुन्छौ, होनहार आफ्ना कार्यकर्तालाई विचल्ली नपार, अवसर नपाए तिनीहरुको विद्रोहले ज्वालामुखीले झै सखाप पार्ला भन्छन् रे नि ! कि कसो ?

***(लेखक कानून, राजनीतिशास्त्र, जनप्रशासनका विद्यार्थी र पूर्व कर्मचारी समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आज धन खर्च बढ्नेछ । राजनैतिक कार्यमा बाधा आउनेछ । | **तुला** : आँटेको कार्य पुरा होला । राजनीतिक कार्यमा सफलता मिल्नेछ । |
| **वृष** : शुभारम्भको चर्चा चल्नेछ । अतिथिको रूपमा सत्कार पाइएला । | **वृश्चिक** : शुभकार्यको चर्चा चल्नेछ । मित्र जनबाट साथ सहयोग मिल्ने देखिन्छ। |
| **मिथुन** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । धर्मकर्ममा मन लाग्नेछ । | **धनु** :मानसिक चञ्चलपनले पेशागत हानी हुनेछ, तर आफन्तले साथ भने दिनेछन् । |
| **कर्कट** : लाभदायक यात्रा हुनेछ । परिवारसँग रमाइलो भेटघाट हुनेछ । | **मकर** : शुभ समाचार सुन्न पाइएला। ब्यापार व्यवसायबाट आम्दानी हुनेछ । |
| **सिंह** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । गरेका काममा ढिलासुस्ती हुनेछ । | **कुम्भ** : आफन्तको सहयोग प्राप्त हुनेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कन्या** : चिताएको कामले तीव्रता लिनेछ। साथीभाइबाट हौसला प्राप्त हुनेछ । | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। धर्म र आस्था बढ्नेछ । |




# मधुमेह रोगीले अम्बाको पातको चिया गर्नुहोस् सेवन



जब हामी स्वास्थ्यका लागि उत्कृष्ट फलफूलको कुरा गर्छौं, अम्बाको नाम पनि अवश्य आउँछ । अम्बा त्यस्तो फलहो जसको पात पनि स्वास्थ्यको लागि धेरै राम्रो साबित हुन्छ । अम्बाको पातको सेवनले शरीरलाई फाइबर, भिटामिन सी र धेरै एन्टिअक्सिडेन्ट प्राप्त हुन्छ । यी पातको प्रभावले तौल घटाउन र स्वास्थ्य सम्बन्धी धेरै प्रकारका समस्याहरू हटाउनमा देखिन्छ । अम्बाको पात कसरी सेवन गर्न सकिन्छ र ती कुन तरिकाले स्वास्थ्यका लागि फाइदाजनक साबित हुन्छ आज हामी तपाईलाई बताउनेछौं ।

**अम्बाका पातको स्वास्थ्य लाभहरु:**

**कोलेस्ट्रोल कम हुन्छ :** हरेक बिहान खाली पेटमा अम्बाकोको पात चपाउँदा कोलेस्ट्रोल घटाउन मद्दत गर्छ । यी पातहरूले शरीरबाट फोहोर कोलेस्ट्रोल निकाल्छ । यदि यी पातहरू नियमित रूपमा खाएमा खराब कोलेस्ट्रोल घटाउने प्रभाव देखिन्छ ।

**मधुमेहमा लाभदायक :** मधुमेह रोगीले आफ्नो खानपानमा विशेष ध्यान दिनुपर्छ । कुनै खानेकुरा वा पेय पदार्थका कारण रगतमा चिनीको मात्रा अत्याधिक नबढोस् वा घटोस् भन्ने विशेष ख्याल राखिन्छ । यस्तो अवस्थामा अम्बाको पात उपयोगी हुन्छ । अम्बाको पातको चिया तयार गरी सेवन गर्न सकिन्छ । केही अम्बाको पातलाई पानीमा हालेर उमाल्नुहोस् । र यसको सेवन गर्नुहोस् । यसले रगतमा चिनीको मात्रालाई नियन्त्रण गर्छ ।

**तौल घट्न थाल्छ :** अम्बाको पातले तौल घटाउनमा पनि आफ्नो प्रभाव हुन्छ । यी पातहरू खाँदा वा यसको पानी पिउँदा बोसो पग्लन थाल्छ । अम्बाको पातको पानीले शरीरबाट विषाक्त पदार्थलाई बाहिर निकाल्छ । यसले तौल पनि घटाउँछ र शरीर पनि फिट देखिन्छ ।

**चिसो र खोकीमा प्रभावकारी :** चिसो र खोकीमा अम्बाको पात प्रभावकारी हुन्छ । यी पातहरूमा पाइने भिटामिन सी र आइरनले मौसमी फ्लू र इन्फेक्सनलाई हटाउन राम्रो प्रभाव पार्छ । तपाईं यी पातहरू काढा बनाउन प्रयोग गर्न सक्नुहुन्छ ।

*-डिसी नेपाल डटकम*

# मेनिन्जाइटिसको उपचार के छ ?



मेनिन्जाइटिस एक संक्रामक रोग हो, जसले दिमागलाई प्रभावित गर्छ । मेनिन्जाइटिस संक्रमण हुँदा थोरै मात्र लापरवाही गरियो भने ज्यानै समेत जाने जोखिम हुन सक्छ । त्यसैले समयमै उपचार गरेर बच्न यस रोगबारे जान्न आवश्यक छ ।

**मेनिन्जाइटिस के हो ?**

मस्तिष्कमा तीनवटा 'मेनिन्जेस' झिल्ली हुन्छ । सो झिल्लीहरुले मस्तिष्क र मेरुदण्डको हड्डीलाई ढाकेर सुरक्षा प्रदान गर्छ । कुनै कारणवश 'मेनिन्जेस' झिल्लीमा संक्रमण भएमा त्यसलाई मेनिन्जाइटिस भनिन्छ । मेनिन्जाइटिसको मुख्य कारण भनेको कुनै पनि प्रकारको भाइरल, फंगस र ब्याक्टेरियल संक्रमणले दिमागको झिल्ली मेनिन्जमा असर गर्नु हो । स्ट्रेप्टोकोकस निमोनिया, हेमोफिलस इन्‍लुएन्जा, एन्टरोभाइरस, हर्पेस भाइरसको संक्रमण यसको कारण बन्न सक्छ । डेगु, कोभिड जस्ता संक्रमण, अत्यधिक ज्वरो आउँदा, क्षयरोग, पिनास भइरहेमा, विषादीको अत्यधिक प्रयोगले संक्रमण फैलिएर मेनिन्जाइटिस हुन सक्छ । र, कसैलाई नदुख्ने औषधि धेरै प्रयोग गरेमा पनि मेनिन्जाइटिस हुने सम्भावना हुन्छ । बदलिंदो मौसममा बाह्य भाइरस सक्रिय हुँदा मेनिन्जाइटिसको जोखिम बढी हुन्छ । जसका कारण बालबालिका बढी संक्रमित हुन सक्छन् ।

**जोखिम समूह**

मेनिन्जाइटिसको जोखिम जुनसुकै उमेर समूहलाई हुन सक्छ । तर प्रतिरक्षा प्रणाली कम भएकाहरुमा संक्रमणको जोखिम उच्च हुन सक्छ । जस्तै, शिशुहरूमा प्रतिरक्षा प्रणालीको विकास कम भएको कारण बढी जोखिममा हुन सक्छन् । वृद्धमा उमेरसँगै प्रतिरक्षा प्रणाली कमजोर हुँदै जान्छ, संक्रमणको जोखिम बढ्छ । केमोथेरापी गराइरहेका व्यक्ति, इम्युनोसप्रेसिभ औषधिहरू लिइरहेका व्यक्ति र मधुमेह जस्ता दीर्घकालीन रोग भएका व्यक्ति जोखिममा पर्न सक्छन् ।

**लक्षण**

मेनिन्जाइटिसमा संक्रमित व्यक्तिमा टाउको दुख्ने, ज्वरो आउने, गर्दन दुख्ने, बान्ता हुने, छाला र ओठ पहेंलो हुने, चिसो महसुस हुने जस्ता लक्षण देखिन्छन् । यीमध्ये मेनिन्जाइटिसको प्रमुख लक्षण ज्वरो, अत्यधिक टाउको दुखाइ र गर्दन एकसाथ दुख्नु हो । यस्ता लक्षण देखिएमा तुरुन्त स्वास्थ्य परीक्षण गराइहाल्नुपर्छ । किनभने मेनिन्जाइटिस ढिला उपचार गराएमा प्राणघातक पनि हुन सक्छ ।

**पहिचान तथा उपचार**

मेनिन्जाइटिस पहिचानका लागि सिटीस्क्यान गरेर हेर्नुपर्छ । यसमा ढाडभित्र रहेको पानीको नमुना लिइन्छ । मेनिन्जाइटिसको समस्या आपतकालीन अवस्था हो । त्यसैले यसको पहिचान हुने बित्तिकै उपचार आवश्यक पर्छ । जसले गर्दा संक्रमणलाई फैलिनबाट रोक्न सकिन्छ । एन्टीबायोटिक तथा मेनिन्जाइटिसकै एन्टीभाइरल औषधि अस्पताल भर्ना भएको कम्तीमा पनि १४ दिनसम्म नियमित रुपमा नसामा सुई लगाएर दिन्छ । संक्रमण धेरै भएमा बारम्बार ज्वरो आयो, हाउभाउमा परिवर्तन आएमा, अवस्था गम्भीर हुँदै गएमा आईसीयू तथा भेन्टिलेटरमै राख्नुपर्ने अवस्था हुन्छ ।

**जटिलता**

संक्रमण तीव्र रुपमा बढिरहेको छ तर समयमा उपचार नपाएमा जटिलता बढ्दै जान्छ ।

शिशुमा कान कम सुन्ने, दिमागको ढिलो विकास हुने जस्ता जटिलता देखिन्छन् भने वयस्कमा समयमै उपचार हुँदा पूर्ण रुपमा निको हुन्छ । यद्यपि, ढिला भएमा कसैमा मृत्यु समेत हुन सक्ने सम्भावना हुन्छ । फंगस र क्षयरोगको संक्रमण दिमागमा फैलिएर उपचारमा ढिला भएमा मृत्यु हुन सक्छ ।

**बच्ने उपाय**

मेनिन्जाइटिसबाट बच्ने उपाय भनेको कुनै पनि किसिमको संक्रमणबाट बच्नु हो । सरसफाइमा ध्यान दिने, ज्वरो, रुघाखोकीलाई बेवास्ता नगर्ने, चोटपटकको बेलैमा उपचार गराउँदा दिमागमा यस्ता संक्रमण पुग्न पाउँदैनन् । यसबाट बच्न अहिले खोप पनि उपलब्ध छन् ।

*-अनलाइन खबर डटकम*

# एएमआर 'सुस्त महामारी' कसरी रोक्ने ?



पृथ्वीको उत्पति करिब चार अर्ब वर्ष अगाडि भयो भनेर वैज्ञानिकहरुले भनेका छन् । पृथ्वी सेलाएपछि पहिलो पटक देखापर्ने जीवित प्राणीहरु भनेका सुक्ष्म जीवाणुहरू नै हुन् । यी जीवाणुहरू करोडौं वर्ष अगाडिदेखि पृथ्वीमा छन् । यी जीवाणुहरु एक कोषीयबाट सुरु भएका छन् । कतिपय हाम्रो नाङ्गो आँखाले देख्न सकिँदैन । माइक्रोस्कोपको माध्यमबाट मात्रै देख्न सकिन्छ । उत्पत्ति भइसकेपछि सबैभन्दा लामो समयसम्म जीवाणु नै बाँचिरहेका छन् । अहिले पनि तिनै जीवाणुहरु छन् । यी जीवित जीवाणुहरु अथवा जनावरहरु आउने क्रममा मानिसहरु धेरैपछि अर्थात् करिब तीन लाख वर्ष अगाडि मात्रै पृथ्वीमा आएको अनुमान गरिन्छ ।

कतिपय जीवाणुहरु सबै ठाउँमा बाँच्न सक्ने अवस्था छ । जस्तै कुनै कुनै त आकाश, पानी र जमिन सबैतिर छन् । यस्तै अन्टार्टिका जस्तो महादेशमा मान्छे बाँच्न सक्दैन तर जीवाणु बाँचेको अवस्था छ । यस्तै रेडियोएक्टिम मटेरियलमा पनि जीवाणु बाँचेको अवस्था छ । तातो पानीमा पनि सुक्ष्म जीवाणु बाँचेको अवस्था छ । त्यसले गर्दा सुक्ष्म जीवाणुलाई एक्ट्रिमोफाइल भनिन्छ । यो भनेको जस्तोसुकै तापक्रममा र जस्तोसुकै परिस्थितिमा पनि बाँच्न सक्ने भनिएको हो । जुन कि मानिस बाँच्न सक्दैनन् । यी सुक्ष्म जीवाणुहरु कतिपय राम्रा खालका (बेनिफिसियल) पनि छन् । कतिपय सुक्ष्म जीवाणुहरु रोग लगाउन सक्ने खालका पनि छन् । कतिपय भयंकर रोगहरु सुक्ष्म जीवाणुकै कारण हुन्छ । भाइरस छन्, ब्याक्टेरिया छन्, फंगल्स ढुसी छ र प्यारासाइट भन्ने सुक्ष्म जीवाणु छन् ।

यी जीवाणु मार्न एन्टिमाइक्रोबियल औषधि ( एन्टिबायोटिक) प्रयोग गरिन्छ । एउटा सुक्ष्म जीवाणुले अर्को सुक्ष्म जीवाणुलाई मार्नका लागि पैदा गर्ने तत्वलाई हामी एन्टिबायोटिक भन्छौं । त्यो औषधि पृथ्वीमा थियो । यिनीहरु पहिले नै सुक्ष्म जीवाणुसँगै एक्सपोज भइसकेका छन् । त्यो कारणले गर्दा उनीहरुमा फेरि पनि एक्सपोज हुनेवित्तिकै एन्टिबायोटिक औषधिको रेजिस्टेन्स छिटोछिटो भएर आउँछ । त्यसैले, एन्टिबायोटिक औषधिहरुलाई बचाइ राख्नुपर्ने अवस्था छ । एन्टिबायोटिक नेचरबाट लिएर पहिलो पटक सन् १९२८ मा पेनिसिलियन नोटाटम भन्ने एउटा फंगल्स (ढुसी)बाट औषधि ल्याइयो । र, यो औषधिले दोस्रो विश्वयुद्धताका १९४० तिर धेरै भन्दा धेरै सैनिकको ज्यान जोगाएको थियो । त्यसैले, यसलाई मिराकल ड्रग पनि भनिन्थ्यो । त्यसको चार वर्षपछि नै एन्टिबायोटिक रेजिस्टेन्स आयो । त्यसपछि मिथिसिलिन, बिटाल्याक्टोन आयो र त्यसमा पनि रेजिस्टेन्स आयो । अहिले सबै एन्टिबायोटिकहरु रेजिस्टेन्स आइसकेको अवस्था छ । उदाहरणको लागि त्योभन्दा माथिको भेन्कोमाइसिन भन्ने ड्राइकोपेट्राइट ड्रग छ । त्यो पनि रेजिस्टेन्स आएको छ । त्यो भन्दा माथिको सिनर्सिट लाइनोजोलिट भन्ने औषधि पनि रेजिस्टेन्स आइसकेको छ । अहिले हामीसँग धेरैभन्दा धेरै औषधिहरुले काम गर्न नसक्ने अवस्था भइसकेको छ । त्यसैले, आममानिसलाई ठूलो चुनौती छ । विश्वव्यापी रूपमा सबै एन्टिबायोटिक रेजिस्टेन्स आयो भने एउटा सामान्य घाउचोटले पनि मानिसको मृत्यु हुन सक्छ ।

तथ्याङ्कको प्रक्षेपण हेर्ने हो भने कोभिड १९ ले तीन वर्षमा जति मानवको क्षति गरेको छ, त्यो भन्दा बढी क्षति मल्टि ड्रग रेजिस्टेन्स डिजिजको कारणले मानिसको मृत्यु भइरहेको तथ्याङ्क छ । यो भयावह हो । यसले विश्वव्यापी रूपमा सुस्त महामारी ल्याइसकेको छ । कतिपय लेखक र वैज्ञानिकहरुले गरेको प्रक्षेपणअनुसार यसलाई हामीले नियन्त्रण गर्न सकेनौं भने सन् २०५० सम्ममा प्रत्येक वर्ष १ करोड मानिसको यही कारण मृत्यु हुनेछ । सन् २०३० सम्ममा २ करोड बढी मानिसहरु चरम गरिबीमा धकेलिने छन् । यसले मानिसलाई मात्रै असर गर्दैन, पशु, कृषि र वातावरणलाई पनि असर गर्छ । त्यसैले, मानव स्वास्थ्य, कृषि, पशु, वातावरण खाद्यलाई पनि सुधार गर्नुपर्ने अवस्था छ । नेपालजस्तो कम विकसित मुलुकहरुमा त यो झनै ठूलो चुनौतीको रुपमा आएको छ । किनकी हामीसँग उपचारका लागि राम्रो र सुलभ अस्पताल छैनन् । यहाँ अस्पतालबाट निस्किएका फोहोरलाई राम्रोसँग बिसर्जन गर्न पनि सकेको अवस्था छैन । अर्को कुरा हामीसँग पर्याप्त आर्थिक स्रोतको अभाव छ । हामीले उपचार गर्दा बिरामीलाई राम्रो एन्टिबायोटिक पर्याप्त दिनुपर्ने हुन्छ । संक्रमणलाई रोकथाम, नियन्त्रण गर्दाखेरिका उपायहरु राम्ररी गर्नुपर्ने हुन्छ । त्यसका लागि हामीजस्तो कम विकसित मुलुकलाई यसको चुनौती झन् ठूलो हुन सक्छ भनेर प्रक्षेपण गरिएको छ । नेपालले सम्भावित यस महामारी नियन्त्रण र न्यूनीकरणका लागि केही काम सुरु गरेको छ तर पर्याप्त छैन । जस्तै सरकारको तर्फबाट अहिले मल्टिसेक्टोरल इन्गेजमेन्ट ( मानवस्वास्थ्य, कृषि, वातावरण र खाद्य जोडिएर काम) भर्खरै भएको छ । जनचेतनाको कामहरु स्वास्थ्य मन्त्रालयबाट सुरु भएको छ । त्यस्तै अरू दातृ संस्थाहरुबाट पनि काम सुरु भइरहेका छन् ।

यहाँ सबैको फोकस भनेको जथाभावी रूपमा एन्टिबायोटिक औषधिको प्रयोगलाई रोक्नु हो । औषधि डाक्टरको सल्लाहमा मात्रै खानुपर्यो । खाँदा पूर्ण डोज खानुपर्यो र समय पनि याद गर्नुपर्यो । अर्को कुरा सर्भिलियन्सको कुरा मानवमा, पशुमा, कृषिमा कस्तो छ ? भन्ने कुरालाई पनि जोड दिइएको छ । यस्तै, अब नेपालमा आवश्यक भनेको राष्ट्रिय रणनीति (२०२३ देखि २०२८) लागू गर्नुपर्नेछ । यो लागू भए एन्टिबायोटिक रेजिस्टेन्स विरुद्ध काम गर्न सहज हुनेछ ।

*-रातोपाटी डटकम*

# दिनदिनै गाजर र पालुंगोको रस एक गिलास पिउनुस्



जाडोमा गाजर खान खुबै मज्जा हुन्छ । दिनदिनै काँचो गाँजर खाँदा वा त्यसको जुस पिउँदा स्वास्थ्यसम्बन्धी अनेकौं समस्या समाधान हुन्छ । औषधीय गुणहरूले भरिएको गाजरले जाडोमा फाइदा पनि गर्छ । दिनदिनै गाजर खानुका यस्ता फाइदा हुन्छन् :

गाजर र पालुंगोको रसमा भुटिएको जीरा र वीरेनून मिसाएर पिउँदा शरीरको कमजोरी हट्छ ।

जाडोमा दिनदिनै गाजर वा त्यसको जुस सेवन गर्दा शरीर तातो रहन्छ ।

गाजरको रसमा मरिच मिसाएर पिउँदा रुघाखोकी र कफको समस्या कम हुन्छ ।

दिनदिनै गाजर पिउँदा ग्यास, अल्सर, अपच र पेट गडबडी जस्ता समस्या हराउँछन् । त्यसको रसमा कागती र पालुंगोको रस मिसाएर पिउँदा कब्जियतको समस्या हटाउँछ ।

क्याल्सियम, प्याक्टिन फाइबर, भिटामिन ए बी र सीका गुणहरू हुन्छन् । यसको सेवनले कोलेस्ट्रोल स्तर नियन्त्रण गरेर मुटुरोगको खतरा कम गर्छ ।

इम्युन सिस्टमलाई ठीक राख्नका लागि दिनदिनै गाजरको रसमा मह हालेर पिउनुस् । पाचनतन्त्र ठीक राख्नुका साथै पेटका समस्या पनि हटाउँछ ।

एक सय पचास ग्राम गाजर, तीन लसुन र ल्वाङको अचार बनाएर दिनदिनै बिहान खाँदा पुरानो रुघाखोकी समेत निको हुन्छ ।

गाजरको रसमा अमलाको रस र वीरेनून मिसाएर पिउँदा पिसाबको संक्रमण र पिसाब पोल्ने समस्याबाट मुक्ति पाइन्छ ।

चुकन्दर, पालुंगो र गाजरलाई कोरेर दूधमा मिसाएर मज्जाले उमाल्नुस् र दिनदिनै पिउनुस् । शरीरमा रगतको कमी हुन पाउँदैन ।

दिनदिनै दुईवटा काँचो गाजर खाँदा दिमाग तीखो हुनुका साथै आईक्यु स्तर पनि बढ्छ ।

चश्मा लगाउनुहुन्छ भने दिनदिनै गाजर र पालुंगोको रस एक गिलास पिउनुस् । आँखाको तेज बढ्छ ।

*-लोकान्तर डटकम*

# संगठनमा इमान्दारपूर्व भूमिका खेलौं : सभापति श्रेष्ठ




**पाल्पा,** असोज २५/नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले संगठनमा इमान्दारीताका साथ भूमिका खेल्नुपर्ने बताएका छन् । बिहीबार नेपाली काँग्रेस रम्भा गाउँपालिकाको प्रथम गाउँ सम्मेलनलाई रम्भामा सम्बोधन गर्दै सभापति श्रेष्ठले संगठनमा आवद्ध साथीहरुले इमान्दारीपूर्व काम गर्नुपर्ने बताएका हुन् ।

वडा तहदेखि नै सबै पदीय जिम्मेवारीमा रहेका नेता तथा कार्यकर्ताहरुले आफ्नो जिम्मेवारी मात्रै पुरा गर्न सकेमात्रै पनि संगठन बलियो हुने र जनताको अवस्थामा परिवर्तन आउने नेता श्रेष्ठले उल्लेख गरे । उनले जिम्मेवारीलाई कर्म सम्झेर काम गर्न समेत नेता कार्यकर्ताहरुलाई आग्रह गरेका छन् । 'अरुलाई उपदेश दिनुभन्दा आफ्नो जिम्मेवारीलाई कर्म सम्झेर काम गर्नुपर्छ' सभापति श्रेष्ठले भने । पार्टीलाई संस्थागत र विधिसंवत रुपमा अगाडि बढाउन सम्मेलनले महत्वपूर्ण भूमिका खेल्ने समेत उनले विश्वास व्यक्त गरे । फरक प्रसंगमा सभापति श्रेष्ठले तीनै तहका सरकारले जनताको अपेक्षा अनुसार काम गर्नुपर्ने बताए । उनले भने 'जनताको अपेक्षालाई आत्मसाथ गर्दै विकास र समृद्धिको बाटोमा तीनै तहका सरकार अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता हो । त्यसतर्फ ध्यान दिनुपर्छ ।' नेपाली काँग्रेस पाल्पाका उपसभापति झपेन्द्र गैरेले वडातहसम्मै पार्टी पुग्ने गरी काम गरिरहेको बताए । कार्यक्रममा सचिव सुनिता अधिकारी, महासमिति सदस्य विधान श्रेष्ठ, काँग्रेस क्षेत्र न. १ का क्षेत्रीय सभापति झमनराज मगर, जिल्ला सदस्यहरु विश्व अर्याल, सुबि विक, वडा ३ का वडा अध्यक्ष थमन गाहा, वडा सभापति विष्णु कामु, नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्य सुवास गैरे, त्रिभुवन बहुमुखी क्याम्पस तानसेन पाल्पाका स्वयु सभापति कृष्ण अर्याल लगायतले आ-आफ्ना धारणा राखेका थिए । कार्यक्रममा कोषाध्यक्ष निर्मला गाहाले आर्थिक प्रतिवेदने, सचिव ईश्वर काफ्लेले सांगठिक प्रतिवेदन र सभापति ऋषि अर्यालले राजनीतिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सभापति ऋषि अर्यालको अध्यक्षता, उपसभापति सुमन पाण्डेको स्वागत, सचिव ईश्वर काफ्लेलेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# गुल्मेली संगम पाल्पाको शुभकामना आदान- प्रदान



पाल्पा, असोज २५/गुल्मेली संगम पाल्पाले नजिकिदै गरेको विजया दशमी, शुभ दिपावलीको शुभकामना आदान-प्रदान गरेको छ । संगमले बिहीबार तानसेनमा एक औपचारिक कार्यक्रमकाबिच शुभकामना आदान प्रदान गरेको हो ।

कार्यक्रममा विभिन्न पेशा, व्यवसाय, रोजगार र अध्ययनको शिलशिलामा गुल्मीबाट पाल्पामा बसोवास गर्दै आएका गुल्मेलीहरुले एक आपसमा शुभकामना आदान -प्रदान गरेका थिए । गुल्मेलीहरु बिच आपसी सम्बन्ध र आत्मीयता कायम गराउने उद्देश्यले शुभकामना आदान- प्रदान गरिएको संगमका अध्यक्ष पुण्य सुवेदीले बताए । गुल्मेली दाजुभाई, दिदीबहिनीहरु बिच भेटघाट गरी आत्मीयता साट्न शुभकामना आदान-प्रदानले महत्वपूर्ण भूमिका खेल्ने अध्यक्ष सुवेदीले विश्वास व्यक्त गरे । गुल्मीबाट पाल्पामा बसोवास गर्दै आएका व्यक्तिहरु बिचको आत्मीयता, सद्भाव र सम्बन्धलाई थप नजिक बनाउने गरी संगमले हरेक वर्ष चाडपर्वको पूर्व सन्ध्यामा भेटघाट तथा शुभकामना कार्यक्रम गर्दै आएको छ । आगामी दिनमा संगमलाई थप सशक्त र रचनात्मक ढंगले अगाडि बढाउन सम्पूर्ण गुल्मेली दाजुभाइ, दिदीबहीनीहरुको साथ आवश्यक रहेको अध्यक्ष सुवेदीको भनाई छ । उनले संगम स्वयंसेवी संस्था भएकाले आर्थिक रुपमा सक्षम भए मात्र संगमलाई थप विस्तार र मजबुद बनाएर लैजान सकिने भएकाले त्यस तर्फ सबैले ध्यान दिनुपर्नेमा जोड दिए । कार्यक्रममा सहभागीहरुले एक आपसमा शुभकामना आदान-प्रदान गर्दै जन्मभूमि प्रतिको मायाले ओतप्रोत भएका गुल्मेली दाजुभाइ, दिदीबहीनीहरु एक ठाउँमा भेटघाट गर्न पाउँदा अत्यन्त उत्साहित भएको बताएका थिए । उनीहरुले संगमलाई जीवन्त र सक्रिय बनाएर लैजान आफुहरु लागि पर्ने बताएका छन् । कार्यक्रम संगमका अध्यक्ष पुण्य सुवेदीको अध्यक्षता, उपाध्यक्ष डाँसुराम पन्तको स्वागत, सचिव गंगाबहादुर खत्रीको सञ्चालनमा कार्यक्रम भएको थियो ।


## सूचना ! सूचना !! सूचना !!!

यस लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.को २१ औं वार्षिक साधारण सभा हुन गहिरहेको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई निमन्त्रणा कार्ड पठाई सकिएको छ । कारणवस निमन्त्रणा कार्ड प्राप्त नभएको भए यसै सूचनालाई आधार मानि निम्न मिति, समय र स्थानमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति : २०८०/०६/२७ गते शनिबार**
**स्थान : बाल मन्दिर**
**समय : दिनको १२:३० बजे**

अनुरोध
हरि रायमाझी
अध्यक्ष
**लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**
**तानसेन-४, मखनटोल, पाल्पा (दरबार गेट अगाडि)**
**सम्पर्क नम्बर : ०७५-५२१६५९**


## खेलकुद समाचार

# इरानमाथि नेपालको फराकिलो जित



**काठमाडौं,** असोज २५/इरानमाथि २७४ रनको फराकिलो जित निकाल्दै नेपालले यू-१९ एसीसी प्रिमियर कपमा विजयी सुरुवात गरेको छ । वाईएसडी (यूकेएम क्रिकेट ओभल) बाङ्गीमा पहिले ब्याटिङ गरेको नेपालले कप्तान देव खनालको शतकको मद्दतमा ३५३ को विशाल योगफल खडा गर्यो ।

जवाफमा इरानलाई ३०.४ ओभरमा सबै विकेट गुमाएर ७९ रनमा समेट्यो । उसका लागि ओपनर अमिर खोरासन्दले सर्वाधिक ३७ रन बनाए । २२ बल सामना गरेका उनले ५ छक्का र १ चौका प्रहार गरेका थिए । उनले पहिलो विकेटका लागि समन शेखीसँग ३६ रनको साझेदारी गरेका थिए । छैटौं ओभरको अन्तिम बलमा सुवास भण्डारीले पहिलो विकेटका रुपमा शेखीलाई ५ रनमा पभेलियनको बाटो देखाएपछि इरानको निरन्तर विकेट गुमायो । घातक बलिङ गरेका दीपेश कँडेलले ७ ओभरमा ४ रन खर्चिएर ३ विकेट लिए भने सुवासले ८.५ ओभरमा ६ रन खर्चिएर समान ३ विकेट हात पारे । हेमन्त धामी र आकाश चन्दको नाममा २-२ विकेट रह्यो । यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको नेपालको सुरुवात भने निकै खराब थियो । ओपनर अर्जुन कुमाल शून्य र तेस्रो नम्बरमा आएका आकाश त्रिपाठी ३ रनमा आउट हुँदा नेपालको स्कोर १०/१ थियो । तर चौथो नम्बरमा आएका कप्तान देव खनालले दीपक बोहोरासँग मिलेर पारी सम्हाले । दुबैले तेस्रो विकेटका लागि १६६ रनको साझेदारी गरे । त्यसक्रममा खनालले ५९ बलमा शतक पुरा गरे । अर्को बलमा उनी आउट भए भने अर्को ओभरमा बोहोरा पनि पभेलियन फर्किए । ५९ बलको सामना गरेका उनले ६५ रन बनाए । त्यसपछि नेपालीको पारी दीपकप्रसाद डुम्रे र दीपेश कँडेलले सम्हाले । दुबैले पाँचौं विकेटका लागि ९१ रनको साझेदारी गरे । डुम्रे ४४ बलमा ६९ रन बनाएर आउट भए, जतिबेला नेपालको स्कोर २७६/५ थियो । थप थप रन जोड्दा दीपक पनि आउट भए । बल बलको सामना गरेका उनले २९ रन बनाए । दीपक बोहोरा १ र मिलन बोहोरा शून्यमै आउट भए । तर तल्लो अर्डरका ब्याट्सम्यानले नेपालको स्कोरलाई ३५३ रनसम्म पुर्याए । त्यसक्रममा मेहन्त धामीले १९ बलमा २३ र आकाश चन्दले ११ बलमा १९ रन बनाए । सुवास भण्डारी १८ रनमा अविजित रहे । इरानका डाडरहमान राइसी र सलमान नयाज्माले समान ३-३ तथा जेइद राएसी र समान शेखीले समान २/२ विकेट लिए । नेपालका कप्तान खनाल म्यान अफ दि म्याच भए । टिमको स्कोर र आफ्नो शतकप्रति खुसी रहेको उनले बताए । उनले इरानको फिल्डिङको तारिफ गरे । नेपालले दोस्रो खेल आइतबार बहराइनसँग बायोमास ओभलमा खेल्नेछ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक कोरोबारको अन्तिम दिन दोहोरो अंकले घट्यो



**पाल्पा,** असोज २५/कारोबारको अन्तिम दिन नेपाल स्टक एक्सचेञ्ज ( नेप्से) परिसूचक दोहोरो अंकले घटेको छ । बिहीबार नेप्से परिसूचक २० दशमलव १६ अंकले घटेर एक हजार आठ सय ७४ दशमलव ६० को विन्दुमा कायम भएको हो ।

दुई सय ९२ कम्पनीको ७५ लाख ५८ हजार पाँच सय ४२ कित्ता शेयर ६२ हजार ४६ पटक खरिदबिक्री हुँदा रू एक अर्ब ७० करोड एक लाख २९ हजार आठ सय १५ बराबरको कारोबार भएको छ । कारोबार पछि कूल बजार पुँजीकरण रू २८ खर्ब ७२ अर्ब नौ करोड ९७ लाख ५७ हजार चार सय ९३ कायम भएको छ । म्युचुअल फन्ड समूहको उपसूचक शून्य दशमलव १६ प्रतिशतले बढ्दा अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै होटल तथा पर्यटन समूहको उपसूचक तीन प्रतिशत, निर्जीवन बीमा समूह एक दशमलव ५२ प्रतिशत र जलविद्युत् समूहको उपसूचक एक दशमलव ५९ प्रतिशतले घटेको छ ।

कारोबारमा २३ कम्पनीको मात्रै शेयर मूल्य बढेको छ । जसमध्ये दुई कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड र मध्य सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । सबैभन्दा धेरै मूल्य घट्नेमा भने सिटी होटल लिमिटेडको शेयर मूल्य नौ दशमलव ०९ प्रतिशतले घटेको हो । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै लक्ष्मी सनराइज बैंक लिमिटेड प्रमोटर शेयर रू १६ करोड ३८ लाख ४८ हजार चार सय बराबरको १६ लाख ३८ हजार चार सय ८४ कित्ता शेयर किनबेच भएको छ ।


## मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेष्ता कायम नामसारी सम्बन्धी ३५ दिने हकदाबी गर्न आउने सार्वजनिक सूचना

उप्रान्त निवेदक पाल्पा जिल्ला साविक मस्याम ७ निवासी गितादेवी रानाले पति बामदेव अस्लामीको नाममा रहेको साविक मस्याम ७ कि.नं ४०० को जग्गाको जग्गाधनी प्रमाण पूर्जा हराएकोमा पतिको नाममा श्रेष्ता कायम गरी आफ्नो नाममा नामसारी गरिपाउँ भनी र.नं. १०३ मिति २०५३/०४/२० को राजिनामा लिखत, जग्गाधनी प्रमाण पूर्जा प्रतिलिपि, तिरो रसिद, नागरिकता प्रतिलिपि, विवाह दर्ताको प्रतिलिपि, मृत्यु दर्ताको प्रतिलिपि, नाता प्रमाणित, प्लट रजिष्टर उतार, तिनाउ गा.पा. ६ च.नं. १५६ मिति २०८०/०६/१५ को सिफारिस, मुचुल्का समेत राखी मिति २०८०/०६/२४ मा निवेदन दिनुभएको । यसमा पाल्पा जिल्ला साविक मस्याम-७ को कि.नं. ४०० को जग्गाको जग्गाधनी प्रमाण पूर्जा हराएको हो या होइन ? उक्त जग्गा हाल कसको हकभोगमा रहेको छ ? निवेदक गितादेवी रानाको हकभोग छ वा छैन ? जग्गाधनी वामदेव अस्लामीको मृत्यु भएको हो या होइन ? माथि उल्लेखित कि.नं. को जग्गा जग्गाधनीले कहीँकतै बेचविखन वा अन्य कुनै तरिकाले हक हस्तान्तरण गरेका छन् या छैनन् ? जग्गाधनी बामदेव अस्लामीको के कति पत्नी थिए वा छन् ? एकमात्र पत्नी गिता देवी राना हो या होइन ? माथि उल्लेखित कि.नं का जग्गा हालसम्म किन श्रेष्ता कायम नगरिएको हो ? उक्त कि.नं. को जग्गा र.नं. १०३ मिति २०५३/०४/२० मा धन कुमारी थापाबाट बामदेव अस्लामीले राजिनामा मार्फत लिएको हो या होइन ? निवेदक गितादेवी राना र गितादेवी अस्लामी व्यक्ति एउटै हो या होइन ? उक्त जग्गा जग्गाधनीका नाममा श्रेष्ता कायम गरी निवेदक गितादेवी रानाका नाममा नामसारी गरिदिन मिल्छ कि मिल्दैन ? जग्गाधनीका नाममा श्रेष्ता कायम गरी निवेदक गितादेवी रानाका नाममा नामसारी गरिदिँदा अन्य कोही कसैलाई असर पर्छ कि पर्दैन ? निवेदकको मागदाबी बमोजिम जग्गाधनी बामदेव अस्लामीका नाममा श्रेष्ता कायम गरी निवेदक गितादेवी रानाको नाममा नामसारी गरिदिँदा कोही कसैलाई असर पर्ने भएमा वा श्रेष्ता कायम नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाणसहित उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ । इति सम्वत २०८० साल असोज २५ गते रोज ५ शुभम् ।



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.द.नं. ५/०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई